का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ५७
❑ २६ चैत्र २०७६, बुधबार
❑ 8 April 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ९ जना | १ जना | १८९० | ९५ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १३ लाख ६० हजार | दुई लाख ९३ हजार | ७६ हजार | नौ लाख ९० हजार |

## प्रधानमन्त्रीको सम्बोधन

# दुई साता थप चुनौतीपूर्ण

**दोस्रो पटक लकडाउन जारी गरिएको अन्तिम मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रको नाममा सम्बोधन गर्दै आउने दुई साता नेपालका लागि थप चुनौतीपूर्ण हुनसक्ने बताएका छन् । यो अवधिमा सहयोग गर्न प्रधानमन्त्री ओलीले देशबासीसँग आग्रह गरेका छन् ।**



**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले आउने दुई साता चुनौतीपूर्ण हुनसक्ने बताएका छन् । मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आउने दुई साता चुनौतीपूर्ण हुनसक्ने बताएका हुन् । कोरोना महामारी नेपालमा दोस्रो चरणमा प्रवेश गरेको भन्दै प्रधानमन्त्री ओलीले यस विरुद्धको लडाईमा आउने दुई साता चुनौतीपूर्ण रहेको बताएका हुन् ।

विकसित देशहरुलाई समेत संकट सिर्जना गरिरहेको कोरोना महामारी नेपालमा नौ जनामा सीमित रहन सक्नुलाई प्रधानमन्त्री ओलीले सफलताका रुपमा लिएका छन् । कोरोना महामारी विरुद्धको लडाईंमा अग्रस्थानमा रहेका स्वास्थ्यकर्मी लगायत पंक्तिलाई निरुत्साहित हुन दिन नहुने बताएका छन् । प्रधानमन्त्री ओलीले भने, "मुलुकभर हाल ३० हजार ५ सय ६६ जनालाई राख्न सकिने गरी क्वारेण्टाइन केन्द्रको व्यवस्था गरिएको छ । यतिबेला ९ हजार १ सय ६८ जना क्वारेण्टाइनमा हुनुहुन्छ । ३ हजार २ सय ५९ जना राख्न सक्ने क्षमताको आइसोलेशन वेड तयार गरिएको छ, हाल त्यहाँ ९५ जना उपचारत हुनुहुन्छ ।"

महामारी विरुद्धको अभियानमा जनतालाई सचेत गराउने कार्यमा आम सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न आग्रह गरेका छन् ।

प्रधानमन्त्रीको सम्बोधनको पूर्णपाठः

आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु,

- आज सिङ्गो मानवजाति कोभिड-१९ को महामारी विरुद्ध कठिन युद्ध लडिरहेको छ । तपाईंहरुलाई सम्वोधन गर्न उभिएको यस घडीसम्म कोरोना महामारीका कारण विश्वभर ७४ हजार भन्दा बढीको ज्यान गइसकेको छ । ४७ हजारभन्दा बढी अत्यन्त नाजुक अवस्थामा रहेका बिमारी सहित १३ लाख भन्दा बढीमा सङ्क्रमण फैलिएको छ । म यस महामारीमा ज्यान गुमाउने नेपाली दाजुभाइ, दिदीबहिनी लगायत सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । सङ्क्रमितहरु निको भएर घर फर्किन सक्नुहोस् भन्ने कामना गर्दछु । हाम्रो पुस्ताले भोगेको सर्वाधिक गंभीर चुनौतीमध्येको यस महामारी विरुद्ध कठिन लडाइँमा रहेका सबै राष्ट्र र जनसमुदायप्रति नेपाली जनताको तर्फबाट ऐक्यवद्धता व्यक्त गर्दछु ।

- नेपाल पनि कोरोना विरुद्धको लडाइँमा होमिएको छ । देशमा सङ्क्रमणको पहिलो केस पहिचान भएदेखि यता तपाई हाम्रो साझा प्रयत्नले संक्रमितहरुको संख्या ९ जनामा मात्र सीमित गर्न सकिएता पनि हामी अझै पनि उच्च जोखिममा छौं ।

- दुई सातादेखि मुलुक लकडाउनमा छ। यसबाट तपाइँहरुमा पर्न गएको असुविधाप्रति म संवेदनशील छु । दैनन्दिन ज्यालादारी गरेर गुजारा गर्नु पर्ने श्रमिकहरु सर्वाधिक मर्कामा हुनुहुन्छ। धेरै व्यवसायीहरुले आफ्नो व्यवसाय बन्द गर्नु परेको छ। विद्यार्थीहरुको पढाइ छुटेको छ। जेलमा यन्त्रणापूर्ण वर्षहरु र लामो एकान्तबास बिताएको मैले लामो समय एकान्तबासमा बस्दाको कठिनाइलाई सहजै अनुभूत गर्न सक्छु ।

- तर, नियन्त्रणका लागि हालसम्म कुनै खोप र उपचारका लागि कुनै औषधि पत्ता नलागेको यस महामारी विरुद्ध लकडाउन अपरिहार्य कदम हो भन्ने तपाइँ-हामी सबैलाई थाहा छ । लकडाउनकै कारण महामारीलाई फैलिन नदिने हाम्रो प्रयाशमा ठूलो सहयोग पुगेको छ। तर समस्या अझै यथावत छ र थप सावधानी अपनाइएन भने अझ भयावह बन्न सक्ने खतरा पनि छँदैछ । त्यसैले आजबाट थप ८ दिनको लागि लकडाउनको अवधि बढाउन हामी वाध्य भएका छौं । सबै कठिनाइहरु झेलेर यस अभियानमा पूर्ण साथ दिनु हुने तपाइँहरु सबैप्रति हार्दिक सम्मान व्यक्त गर्दै बाँकी अवधिका लागि पनि यस्तै धैर्यता र सहयोगका लागि अनुरोध गर्दछु ।

- सीमित पूर्वाधार, स्वास्थ्य सामग्री तथा उपकरणका कमीको बाबजुद चिकित्सक, स्वास्थ्यकर्मी तथा अग्रीम मोर्चामा संलग्न सबै राष्ट्रसेवकहरुले देखाउनु भएको कर्तव्यपरायणता अत्यन्तै सराहनीय छ । हाम्रै स्वास्थ्य रक्षाका लागि सुरक्षाकर्मीहरु दिउँसोको चर्को घाम होस् या रातिको अँध्यारो, निरन्तर सेवामा खटिइरहनु भएको छ । मित्र राष्ट्रहरुबाट प्राप्त सद्भाव एवं कतिपय अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरुले नेपालले चालेका कदम कतिपय विकसित मुलकको तुलनामा समेत प्रभावकारी रहेको भनेर गरेको विश्लेषणले तपाई हामीलाई यस महामारी बिरुद्ध लड्न थप हौसला मिलेको छ ।

- यस्ता सङ्कटका बाँकी पृष्ठ २ मा

# कुटनीतिक नियोगको गाडीमै तस्करी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत



नेपाल प्रहरीको महानगरीय अपराध महाशाखाले जगदम्बा ब्राण्डका उत्पादक शंकर ग्रुप अफ कम्पनीका कार्यकारी निर्देशक सुलभ अग्रवाल पक्राउ परेका छन् । थर्मल गन कालोबजारी गरिरहेको अवस्थामा अग्रवाललाई प्रहरीले पक्राउ गरेको हो । बजारमा चरम अभाव रहेको ज्वरो नाप्ने यन्त्र (थर्मल गन) बढी मूल्यमा बिक्री भइरहेको सूचना पाएपछि परिचालित प्रहरी टोलीले अग्रवाललाई पक्राउ गरिएको हो ।

कालोबजारी गरिरहेको व्यक्तिलाई नियन्त्रणमा लिन प्रहरीले महाशाखाका एसपी हृदय थापाको टीम तयार पारेको थियो। ग्राहकको भेषमा खटिएको प्रहरी टोलीले अज्ञात बिक्रेतासँग थर्मोमिटरको डिल शुरु गऱ्यो । ती अज्ञात बिक्रेताले शुरुमा रु.२० हजारमा गन दिनसक्ने बताए। तर, बार्गेनिङ पछि प्रहरी टोलीले प्रतिगोता रु.१५ हजारमा कुरा मिलायो । यसपछि लेनदेनको कुरा भयो ।

लेनदेनमा कुरा मिलेपछि प्रहरी टोली रु. दश लाख लिएर ती बिक्रेतासम्म पुग्यो । रु.१५ लाखको थर्मल गन ल्याउने बताएपनि प्रहरीले दश लाखको मात्रै ल्याउन भनियो। त्यसपछि ती ब्यापारी प्रहरीले बोलाएको ठाउँमा पुग्यो। तर, ती ब्यापारी थिए- सुलभ अग्रवाल। उनी परराष्ट्र मन्त्रालयले उपलब्ध गराएको कुटनीतिक नम्बर प्लेटको गाडीमा रु.दश लाख बराबरको ६७ वट थर्मल गन लिएर आइपुगेका थिए । बाँकी पृष्ठ २ मा

# काँग्रेसले सरकारलाई सघाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत्र

देशमासंकटका बेला सरकारले राजनीतिक सहमति नगरेको आरोप प्रमुख प्रतिपक्ष कांग्रेसले लगाएको छ । सबै राजनीतिक दललाई विश्वासमा लिएर अघि बढ्नु पर्ने बेलामा सरकार एक पक्षीय रुपमा काम गरेको आरोप कांग्रेसको हो ।देशमा लकडाउन भएपछि पहिलो पटक बसेको कांग्रेसको पदाधिकारी बैठकमा सभापति शेरबहादुर देउवाले सरकारको आलोचना गरेका हुन् ।देउवाले आफूले राष्ट्रिय सहमतिका लागि पहल गरे पनि प्रधानमन्त्री केपी ओलीले सहमतिका साथ अघि बढ्ने तत्परता नदेखाएको आरोप लगाए ।

सभापति देउवाले संसद् अधिवेशनसमेत प्रमुख प्रतिपक्ष दलको परामर्श समेत नलिई सरकारले एकलौटी रुपमा अन्त्य गरिएको प्रति असन्तुष्टि जनाए । बैठकमा देउवाले कोरोना संक्रमणबाट मुलुक र जनतालाई बचाउन सरकार आफैले सबै राजनीतिक दल र सरोकारवालालाई विश्वासमा लिएर अघि बढ्नु पर्ने थियो तर त्यो नभएको दाबी गरे । उनले भने, 'म आफैले पूर्व प्रधानमन्त्रीहरुसग छलफल गरेर प्रयास गरेँ, तर सरकारका तर्फबाट सहमतिको प्रयास अघि बढेको देखिएन । सबैको सहयोग लिन सरकारले सकेन भने अहिलेको चुनौती सामाना गर्न सकिन्न।'

स्वास्थ्यकर्मीको सुरक्षाका लागि पीपीई अहिलेसम्म पनि उपलव्ध भइनसक्नु लज्जाको विषय भएको नेताहरुले जनाए । कांग्रेसले स्वास्थ्यकर्मीको सुरक्षा व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेको छ। बैठकले स्वास्थ्य समाग्रीको आपूर्ति र असंगठित मजदुरहरुको राहत प्याकेज तत्काल बाँड्न सरकारसँग माग गरिएको छ । स्वास्थ्य सामग्रीको आपूर्ति गर्दा पारदर्शी रुपमा गर्नसमेत कांग्रेसले सरकारसँग माग गरेको हो । स्वास्थ्य सामग्री आपूर्तिको जिम्मा नेपाली सेनालाई दिइएको विषयमा समेत बैठकमा छलफल भएको थियो ।

आपूर्ति व्यवस्थ सहज रुपमा हुन नसक्दा खाद्यान्नलगायत दैनिक उपभोग्य बस्तुको अभाव देखिन थालेको कांग्रेस नेताहरुको भनाई थियो । सरकारलाई गम्भीर बन्न कांग्रेसले आग्रह गरेको बैडकमा सहभागी उपसभापति विमलेन्द्र निधिले बताए । भारतका विभिन्न ठाउँमा घर फर्केका नेपालीलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन सरकारसँग काग्रेसले माग गरेको निधिले बताए। सरकारको बेवास्ताका कारण सीमा क्षेत्रमा सयौं नेपालीको विचल्लीमा परेको भन्दै उनीहरुलाई सुरक्षित र व्यवस्थित रुपमा नेपाल आउन ल्याउने व्यवस्था मिलाउन समेत कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको हो ।

**अवधि भाषामा**

## आव, हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता:

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, ओइ छिकत निकालइवाला थुक, ओई नाकके माध्यमसे एक मनईसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकेवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे साबुन पानीसे हातमुह मल-मलके धोबजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाए । भीडमे नजावजाय, औरका नजावजाय बतावजाय ।

**और ध्यान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क कराबजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाइन टेलिफोन नं. १११५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विदेशमा रहेकालाई प्रधानमन्त्रीको शब्द सहानुभूति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले वैदेशिक रोजगारीमा रहेका कामदारहरु प्रति सहानुभूति, साथ र सद्भाव रहेको बताएका छन् । कोरोना भाइरसको संक्रमणको नियन्त्रण तथा रोकथामका सम्बन्धमा मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले उक्त कुरा बताएका हुन् ।

कोरोनाको संक्रमण पछि खाडी तथा मलेसियामा ठूलो संख्यामा नेपाली कामदार क्याम्प तथा होस्टलका एउटै कोठामा बस्नुपर्ने बाध्यता भएकाले जोखिम उच्च देखिएको छ भने कतिपयको भिसा अवधि सकिएको छ । नेपालले अन्तर ाष्ट्रिय उडानमा प्रतिबन्ध लगाएका कारण उनीहरु नेपाल फर्किन पाएका छैनन्। सरकारले उद्धार गरेर नेपाल ल्याउन नसकिने स्पष्ट गरिसकेको छ ।

प्रधानमन्त्री ओलीले वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली कामदारले दैनिक रुपमा भोगी रहेका यी समस्याहरुबारे सम्बोधनमा स्पष्ट रुपमा केही उल्लेख गरेनन्। तर, उनले लाखौंको संख्यामा विदेशमा रहेका नेपालीहरु आफ्नो स्वास्थ्य सुरक्षालाई लिएर, रोजगारी अथवा पढाइलाई लिएर र समग्र भविष्यलाई लिएर चिन्तित भएको विषयमा आफु जानकार रहेको बताए ।

सम्बोधनमा उनले भने, 'संकटको यस घडीमा हाम्रो सहानुभूति, साथ र सद्भाव उहाँहरुप्रति छ। हाम्रा दूतावास र मिशनहरु प्रवासी र गैर आवासीय नेपालीहरुका समस्या समाधानमा क्रियाशील छन् । गैरआवासीय नेपाली संघ लगायत सामुदायिक संस्थाहरुले पनि सक्दो सहयोग गरिरहेका छन् ।'

प्रधानमन्त्री ओलीले विदेशमा रहेका नेपालीहरुको स्थितिका बारेमा केही दिनअघि राष्ट्रपति विद्यादेवी भण्डारी र आफुले नै नेपाली दूतावासहरु मार्फत जानकारी लिइरहको भन्दै ठूलो संख्यामा नेपाली कामदार रहेका विभिन्न मुलुकका प्रधानमन्त्रीहरुसँग आफैले टेलिफोन संवाद सुरु गरेको बताए ।

परराष्ट्र मन्त्रालयले निरन्तर आवश्यक समन्वय र सहजीकरण गरिरहेको भन्दै प्रधानमन्त्री ओलीले भने, 'मेरो आग्रह छ- संकटको वर्तमान घडीमा जो जहाँ छौं, त्यहीं सुरक्षित रहौं । संकटका काला बादल अवश्य हटेर जानेछन् ।'

कोरोना भाइरसको कारण नेपाली कामदार रहेका मुलुकहरुमा आर्थिक मन्दी आई वैदेशिक रोजगारी गुमाएर ठूलो संख्यामा नेपालीहरु स्वदेश फर्किन सक्ने सम्भावित जोखिम रहेको छ। तर सम्बोधनमा प्रधानमन्त्री ओलीले त्यस विषयमा केही उल्लेख गरेनन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले तत्काल ठूलो संख्यामा नेपाली कामदार फर्किहाल्ने अवस्था नदेखिएको तर बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा पनि कामदार कटौतिको अधिकार रोजगारदातालाई

काठमाडौं/मस- साउदी अरब सरकारले विदेशी कामदारको कार्य अवधि तथा तलव कटौती गर्न सक्ने अधिकार रोजगारदाताहरुलाई प्रदान गरेको छ । कोरोना भाइरस महामारीका कारण समस्यामा परेका साउदी अरेबियाका निजी क्षेत्रका रोजगारदाताहरुले श्रमिकको सहमति लिएर उनीहरुको काम गर्ने अवधि तथा तलव कटौती गर्न सक्ने अधिकार दिइएको अरब न्यूजले उल्लेख गरेको छ ।

यसअघि यूएईका रोजगारदाताहरुलाई त्यहाँको सरकारले कामदारको पुनःसंरचना गर्ने अधिकार दिँदै तलव ताथ कार्यअवधि कटौती गर्नसकने अधिकार दिएको थियो। साउदी अरबमा कामदाहरुको तलव र कार्य अवधि कटौतीका विषयमा कामदारको सहमति नलिएमा त्यहाँका मानव संशाधन मन्त्रालयले मन्त्रालयको वेबसाइट, सामाजिक सञ्जाल लगायतबाट उजुरी गर्न सक्ने बताएको छ ।

साउदी अरब र कतार नेपाली कामदारका प्रमुख श्रम गन्तव्य हुन् । कतारले भने कोरोना संक्रमणका कारण कामदारको तलव कटौती गर्न नपाइने बताएको छ । कोरोना भाइरसका कारण अन्तराष्ट्रिय उडान रोकिँदा नेपाली कामदार घर फर्किन समेत नपाउने अवस्थामा रोजगारदाताले तलव कटौती गर्दा उनीहरुको दैनिकी समेत संकटमा पर्ने देखिएको छ ।

# कक्षा ११ र १२ को परीक्षा स्थगित

**काठमाडौं/मस–** राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले कक्षा ११ र १२ को परीक्षा स्थगन गरेको छ । बोर्डको मंगलबार बसेको बैठकले अर्को सूचना नआएसम्मका लागि परीक्षा स्थगन गर्ने निर्णय गरेको बोर्डका सदस्य-सचिव दुर्गाप्रसाद अर्यालले जानकारी दिए ।




कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तथा रोकथामका लागि लकडाउन चलिरहेकाले परीक्षा सार्ने कि नसार्ने भन्ने विषयमा अन्योल भइरहेको बेलामा बोर्डको बैठकले परीक्षा सार्ने निर्णय गरेको हो । यसअघि बोर्डले कक्षा १२ को परीक्षा वैशाख ८ र ११ को परीक्षा वैशाख २१ गतेदेखि सञ्चालन गर्नेगरी परीक्षा तालिका सार्वजनिक गरेको थियो ।

बोर्डले कक्षा ११ र १२ को परीक्षाका लागि प्रश्नपत्र छापेर परीक्षा सञ्चालनको तयारी अवस्थामा रहे पनि ढुवानी गरेर जिल्ला जिल्ला पुऱ्याउन भने बाँकी थियो । बोर्डले देशभर एक हजार १४७ परीक्षा केन्द्र निर्धारण गरिएको थियो भने परीक्षामा कक्षा ११ र १२ मा गरी कूल नौ लाख ६२ हजार विद्यार्थी सहभागी हुने भएका थिए ।

त्यसैगरी माध्यमिक शिक्षा परीक्षा (एसईई) लकडाउन खुलेपछि मात्रै सञ्चालन गर्ने भएकाले विद्यार्थीलाई त्यही अनुसारको तयारी गर्न सरकारले आग्रह गरेको छ । बोर्डले लकडाउन नखुली परीक्षाको मिति नतोकिने भन्दै घर मै बसेर परीक्षाको तयारीमा लाग्न आग्रह गरेको छ । बोर्डका सदस्य-सचिव अर्यालले लकडाउन खुलेपछि पनि विद्यार्थीलाई तयारीका लागि दुई हप्ता दिएर मात्रै परीक्षाको मिति तय गर्ने भएकाले त्यही अनुसारको तयारी गर्न आग्रह गरेका छन् ।

# अन्तर्राष्ट्रिय उडान बैशाख १८ सम्म बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

सरकारले अन्तर्राष्ट्रिय हवाई उडानलाई बैशाख १८ गते सम्म बन्द गर्ने निर्णय गरेको छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मंगलबार बसेको बैठकले बैशाख ३ गते सम्म गरिएको उडान स्थगितको समय थप पन्ध्र दिन लम्ब्याउने निर्णय गरेको हो । बैशाख ३ गतेसम्म स्थगित गरिएको आन्तरिक उडानका विषयमा भने बैठकले कुनै निर्णय गरेको छैन ।

बैठकले संक्रमणको उच्च जोखिम भएका जिल्लाहरुमा र्‍यापिड किट मार्फत परीक्षणलाई बढाउने निर्णय पनि गरेको छ । कैलाली, कञ्चनपुर र बागलुङमा आरडिटी पद्धतिबाट सिघ्र परीक्षण गर्ने र त्यसबाट पोजेटिभ देखिए पिसिआर मेसिनबाट परीक्षण गर्ने निर्णय गरिएको हो । संक्रमणको बढी सम्भावना भएका जिल्लाहरु डोटी, अछाम, जुम्लामा पनि सघन रुपमा परीक्षणलाई अगाडि बढाउने निर्णय समितिले गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव नारायण प्रसाद विडारीले जानकारी दिए ।

बैठकले खाद्य वस्तुको आपूर्तिलाई स्वभाविक राख्ने, आवागमनमा कडाई र आपूर्ति नियमित गर्ने निर्णय पनि गरेको छ । बैठकमा अत्यावश्यक स्वास्थ्य सामग्री जि टु जि मार्फत नै खरिद अघि बढाउने र त्यसका लागि विदेशमा रहेका कूटनीतिक नियोगसँग समेत समन्वय गर्ने विषयमा कुराकानी भएको छ । बैठकमा लकडाउन कार्यान्वयनका लागि भएका कामहरुको विषयमा समेत समीक्षा भएको छ ।

सचिव विडारीका अनुसार लकडाउनको अवस्थमा २ हजार ६ सय भन्दा बढी व्यक्तिहरुलाई कारबाही गरी सम्झाएर छाडेको र २ हजार २ सय ३५ सवारी साधनहरुलाई कारबाही गरिएको छ । यस्तै, कोरोना भाइरस संक्रमणको आशंका लागेकाहरुलाई सेवा दिन देशैभर १ हजार ९ सय ३९ वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने गरी व्यवस्थापन गरिएको समेत सचिव विडारीले जानकारी दिए ।

## प्रधानमन्त्रीको...

बेला प्रदेश सरकार र स्थानीय तह एवं जनप्रतिनिधिहरुको भूमिका कति प्रभावकारी हुँदो रहेछ भन्ने स्पष्ट देखिएको छ । म आ-आफ्नो तहमा सङ्क्रमण फैलिन नदिन र विपन्न परिवारहरुलाई राहत पुऱ्याउन अहोरात्र खटिरहनु भएका जनप्रतिनिधिहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । यस क्रममा स्थानीय समुदायहरु र सामाजिक सङ्घसंस्थाहरुको क्रियाशीलता पनि उल्लेखनीय रहेको छ ।

- बाहिरबाट आएका संक्रमितबाट स्थानीयमा सरेको संक्रमण (लोकल लेभल स्प्रेड) एकजनामा देखिएसँगै हामी महामारीको दोस्रो चरणमा प्रवेश गरेका छौं । यसले थप सजगता र सावधानीको माग गरेको छ । महामारीका विरुद्ध सरकारले रोकथाम, नियन्त्रण र उपचारको तीन सूत्रीय विधि अपनाएको छ ।

- कोभिड-१९ अथवा कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले समग्र कामको अगुवाइ गरिरहेको छ । यसका अतिरिक्त, आम जनसमुदाय, राजनीतिककर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा स्वास्थ्यकर्मीहरुको संयुक्त 'कमाण्ड'को रुपमा 'कोरोना संकट व्यवस्थापन केन्द्र (सिसिएमसी)' स्थापना गरिएको छ ।

यसले युद्धस्तरमा कामको समन्वय, निर्देशन र सम्पादन गर्छ । पहिचान गर्ने, परीक्षण गर्ने र उपचार गर्ने सबै कामलाई समन्वयात्मक ढंगले सम्पादन गर्न यसका ४ संरचना (अप्स) खडा गरिएको छ । बिरामी ओसारपसार (पिआरटी) को उपयुक्त व्यवस्था गरिएको छ ।

- सिसिएमसी, हामी सबैको साझेदारीमा सञ्चालन हुने संरचना हो । .मुख्यमन्त्रीको संयोजनमा प्रदेश तहमा र स्थानीय तहको वडास्तरसम्मै यस संरचनाको सञ्जाल निर्माण गरिएको छ । स्थानीय तहका वडास्तरसम्म वडा अध्यक्षको संयोजनमा हुने संयन्त्रले आफ्नो वडामा सरकारद्वारा घोषित राहत वितरण गर्नेछ । बिरामी छन्/छैनन्, औषधि-उपचार पाए/पाएनन्, बेरोजगार विपन्नहरुले खान पाए/पाएनन् ? त्यसको अनुगमन तथा व्यवस्थापन समेत गर्ने छ ।

- मुलुकभर हाल ३० हजार ५ सय ६६ जनालाई राख्न सकिने गरी क्वारेण्टाइन केन्द्रको व्यवस्था गरिएको छ । यतिबेला ९ हजार १ सय ६८ जना क्वारेण्टाइनमा हुनुहुन्छ । ३ हजार २ सय ५९ जना राख्न सक्ने क्षमताको आइसोलेशन वेड तयार गरिएको छ, हाल त्यहाँ ९५ जना उपचारत हुनुहुन्छ । सरकार सकभर सङ्क्रमण फैलिन नदिन र फैलिहालेको अवस्थामा पनि त्यसलाई नियन्त्रण गर्न पूर्ण तयारीमा जुटेको छ ।

- यस अवधिमा सातै प्रदेशबाट पोलिमरेज चेन रियाक्सन (पिसिआर) प्रविधिबाट परीक्षण शुरु गरिएको छ । हिजोसम्म १ हजार ८ सय ९० जनाको परीक्षण गरिसकिएको छ । सातै प्रदेशका १० परीक्षण केन्द्रबाट परीक्षणलाई तीव्रता दिनुका साथै सङ्क्रमणको उच्च जोखिममा रहेका जिल्लाहरुमा द्रूत परीक्षण (र्‍यापिड डिटेक्सन टेस्ट-आरडिटी) विधि मार्फत् हजारौंको नमूना परीक्षणको तयारी अगाडि बढाइएको छ । सातै प्रदेशमा, उपचारमा आवश्यक पर्ने पर्सनल प्रोटेक्टीभ इक्वीपमेण्ट (पीपीई) पूरा सेट- १ हजार ४८ थान, गाउन- ११ हजार ८ सय १९ थान, एन ९५ मास्क- ४ हजार ३४५ थान, मास्क- ५ लाख ६५ हजार २६१ थान सहित आवश्यक विभिन्न स्वास्थ्य सामग्रीहरुको व्यवस्था गरिएको छ । भेण्टिलेटर सहित अपुग स्वास्थ्य सामग्री तथा उपकरणको थप प्रबन्ध गरिँदै छ ।

दिदीबहिनी तथा दाजुभाइहरु !

- यसबीच हजारौंको संख्यामा नेपालीहरु घर फर्किनु भएको छ । उहाँहरुमध्ये कतिपयले क्वारेन्टाइनमा बस्न गरिएको आग्रह र प्रबन्धहरुलाई ध्यान नदिएकोले चिन्ता थपिएको छ । उहाँहरुलाई पुनः आग्रह छ- स्वघोषणा गरेर जनप्रतिनिधिहरु र स्वास्थ्यकर्मीहरुको सम्पर्कमा जानुहोस् । तपाइँहरुको लापर्बाही स्वयं तपाइँको परिवार र सिङ्गो समुदायका लागि निकै महङ्गो पर्न सक्छ ।

- नेपालमा लकडाउन सुरु भएपछि नेपाल-भारत सीमा नजिक आउनुभएका नेपाली दाजुभाइ दिदीबहिनीहरुले भोग्नु परेको अप्ठेरो र उहाँहरुको भावनालाई हामीले बुझेका छौँ । तर सङ्क्रमणको जोखिमलाई न्यून गर्न हामीले अन्तर्राष्ट्रिय सीमामा आवतजावत बन्द गर्नैपर्ने बाध्यता छ । भारत सरकारसँग समन्वय गरी सीमाको पारीपट्टि रहनु भएका २ हजार १ सय ४७ नेपालीहरुलाई उतै क्वारेण्टाइनमा राखिएको छ । सीमाको वारीपट्टि रहेका करिब ७०० भारतीय नागरिकहरुलाई हामीले क्वारेण्टाइनमा राखेका छौं । लकडाउनलाई प्रभावकारी बनाउन र संभावित संक्रमणलाई सकेसम्म सानो घेरामा सीमित गर्न सरकारले यो उचित उपाय अपनाएको हो भन्ने सबै देशबासीले महसुस गर्नु नै भएको छ । निश्चित अवधि पूरा गरेपछि स्वास्थ्य परीक्षण गरेर उहाँहरुलाई देशभित्र भित्र्याइने छ ।

- विश्वव्यापी रुपमा सङ्क्रमण फैलिँदै जाँदा विदेशमा रहनुभएका कतिपय नेपालीहरुमा पनि सङ्क्रमण देखा परेको छ । केहीको दुःखद निधन समेत भएको छ । लाखौँको सङ्ख्यामा विदेशमा रहेका नेपालीहरु आफ्नो स्वास्थ्य सुरक्षालाई लिएर, रोजगारी अथवा पढाइलाई लिएर र समग्र भविष्यलाई लिएर चिन्तित हुनुहुन्छ । सङ्कटको यस घडीमा हाम्रो सहानुभूति, साथ र सद्भाव उहाँहरुप्रति छ । हाम्रा दूतावास र मिशनहरु प्रवासी र गैर आवासीय नेपालीहरुका समस्या समाधानमा क्रियाशील छन् ।

गैरआवासीय नेपाली सङ्घ लगायत सामुदायिक संस्थाहरुले पनि सक्दो सहयोग गरिरहेका छन् । विदेशमा रहेका नेपालीहरुको स्थितिका बारेमा सम्माननीय राष्ट्रपतिज्यू स्वयंले नेपाली दूतावासहरु मार्फत जानकारी लिइरहनु भएको छ । नेपाली श्रमिक बहुल रहेका विभिन्न मुलुकका प्रधानमन्त्रीहरुसंग मैले टेलिफोन संवाद सुरु गरेको छु । परराष्ट्र मन्त्रालयले निरन्तर आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ । मेरो .आग्रह छ- सङ्कटको वर्तमान घडीमा जो जहाँ छौं, त्यहीँ सुरक्षित रहौं । सङ्कटका काला बादल अवश्य हटेर जानेछन् ।

- विश्वव्यापी महामारी विरुद्ध अन्तर्राष्ट्रिय सहकार्य र समन्वयको खाँचो छ । विश्वव्यापी सङ्कटको घडीमा आफ्नो सरहदभित्र रहेका स्वदेशी र विदेशी नागरिक सबैलाई सुरक्षा र संरक्षण गर्ने दायित्व सबै सरकारहरुको हो । नेपालले सीमित साधनस्रोतका बाबजुद नेपालमा रहेका विदेशी नागरिकहरुको सक्दो हेरचाह गरिरहेको छ । हाम्रो विश्वास छ- असहज घडीमा विदेशमा रहेका नेपाली समुदायले पनि सम्बन्धित सरकारहरुबाट माया र संरक्षण पाउने छन् ।

- आउने २ साता सायद हाम्रा लागि थप चुनौतिपूर्ण हुन सक्छन् । यो अवधि कोरोनाको लक्षण प्रकट हुने अवधि मात्रै होइन, समुदायमा फैलिने उच्च जोखिमको अवधि पनि हो । त्यसैले महामारीको संक्रमण फैलिन नदिन हाम्रा सारा प्रयास केन्द्रित गरिने छ । यसै हप्ताबाट प्रयोगमा ल्याइएको र्‍यापिड डिटेक्सन टेस्ट किटले समुदायमा संक्रमणको स्थिति पहिचान गर्न सघाउने विश्वास गरेका छौं । यस परीक्षण मार्फत् संभावित संक्रमितको स्क्रीनिङ्ग गर्ने र दोहोरो परीक्षणबाट संक्रमित भए/नभएको सुनिश्चित गरिनेछ । समुदाय स्तरको परीक्षणको लागि उच्चस्तरीय निर्देशक समिति र सिसिएमसीले संभावित जोखिम रहेका जिल्ला र क्षेत्र तय गरी जनशक्ति परिचालन गरिसकेको छ । थप सुनिश्चितताको लागि क्वारेण्टाइनमा तोकिएको अवधि पूरा गरेकाहरुको समेत परीक्षण गरिनेछ । यसका लागि यहाँहरुको पूर्ण सहयोगको अपेक्षा गरेका छौं ।

- महामारीको बेला रोजगारी गुमाएर कोही पनि श्रमिक भोकै पर्नु नपरोस् भनेर सरकारले स्थानीय तहहरुको संयोजनमा राहत वितरण गरिरहेको छ ।

- अर्थतन्त्रलाई गतिशील राख्न आवश्यक सुरक्षाविधि सुनिश्चित गरी कतिपय मेगा प्रोजेक्टहरुको निर्माण जारी राखिएको छ । सरकारले कृषि कार्यलाई निरन्तरता दिने उपयुक्त उपायको खोजी गरेको छ र अवलम्बन गरिरहेको छ ।

- म विश्वास दिलाउन चाहन्छु- सङ्कटको बेलामा पनि र सङ्कटपछि पनि सरकार तपाइँहरुसँगै रहेर नेपालको आर्थिक विकासलाई गति दिन क्रियाशील हुनेछ ।

दिदीबहिनी तथा दाजुभाइहरु !

- महामारी बिरुद्धको यो युद्ध चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको नेतृत्वमा लडिने विशेष प्रकृतिको लडाइँ हो भन्ने हामीलाई थाहा छ । आजसम्मको तपाइँहरुको भूमिकाले महामारीलाई नियन्त्रण गर्न मुलुकलाई राम्रो सफलता मिलिरहेको छ । अबको लडाइँको जीत, तपाइँहरुको हौसला, विशेषज्ञता र कर्तव्यनिष्ठतामा अडेको छ ।

तपाईहरुको आँटको आधारमा नै सरकारले कुनै पनि कदम दृढताका साथ चाल्न सक्छ । यसैलाई ध्यानमा राखी उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई ड्युटीमा रहेका सुरक्षाकर्मी सरह नै संरक्षण गर्ने निर्णय सरकारले यस अघि नै गरिसकेको छ । राहत तथा सुविधाको हकमा उपचारको पहिलो घेरामा रहनेहरुलाई शतप्रतिशत, दोस्रो र तेस्रो घेरामा रहनेलाई पचहत्तर र पचास प्रतिशत भत्ता यसअघि नै घोषणा गरिसकिएको छ । आवश्यक सुरक्षा उपकरणको व्यवस्था सहित २५ लाख बराबरको बीमाको व्यवस्था पनि सरकारले तपाइँहरुको समग्र सुरक्षाका लागि गरेको छ ।

- चिकित्सक टिमसँगै अग्रभागमा रही काम गरिरहेका सबै सुरक्षा निकायका सम्बन्धित व्यक्तिहरु, राष्ट्रसेवक कर्मचारीहरु, ड्राइभर, हेल्पर, सफाई कर्मचारी लगायत कोरोना भाइरसका विरुद्धको उपचारमा संलग्न सबै श्रमिकहरुको भूमिका चिकित्सकीय टीमका सदस्य सरह नै महत्वपूर्ण हुने हुँदा सोही सरह भत्ता/बीमा सहित सरकारले तपाइँहरुको समग्र सुरक्षाको बन्दोवस्त गर्छ । यस अभियानमा परिचालन हुने समुदायमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेवीहरुलाई रु. १ हजार ५ सय भत्ताको थप व्यवस्था गरिएको छ ।

- गत चैत ७ गतेको सम्बोधनमा मैले यस महामारीसँग जुध्नका लागि हाम्रो आफ्नै व्यवहार र दैनिकीमा परिवर्तन गर्न आग्रह गरेको थिएँ । यतिखेर 'जीवन कि वैयक्तिक स्वतन्त्रता ?' जस्ता प्रश्नमा अलमलिनु हुँदै हुन्न भन्नेमा जोड दिन चाहन्छु । जीवनको रक्षा नै सबैभन्दा महत्वपूर्ण मानव अधिकार हो र विश्व मानव जाति र मानवीय सभ्यताको रक्षा आजको विश्वको प्राथमिक महत्वको काम हो भन्ने कुरा स्पष्ट पार्न चाहन्छु । यो हामी सबैको साझा लडाइँ हो र समाजको हरेक सदस्य यस लडाइँमा आफैं एउटा सिपाही हो भन्ने कुरा हामीले मनन गर्न सक्नु पर्दछ । यसो गरेर हामीले कोरोना भाइरसलाई परास्त गर्न सक्दछौं ।

दाजुभाइ दिदीबहिनीहरु !

- यस खालको महामारीसँग जुध्न समग्र विश्वको तयारी पर्याप्त रहेनछ भन्ने कुरा आज प्रत्यक्ष देखिएको छ । मानव स्वास्थ्यमा उच्च लगानी गर्ने नयाँ विश्व प्रणालीको आवश्यकता टड्कारो बनेको छ । विकसित, सम्पन्न र सुदृढ स्वास्थ्य प्रणाली भएका देशहरुलाई समेत आच्छु आच्छु पारिरहेको यस महामारी विरुद्ध जुध्न हाम्रो जस्तो सीमित साधनस्रोत भएको मुलुकलाई हम्मेहम्मे पर्नु स्वाभाविकै हो । यतिबेला सबैभन्दा ठूलो चुनौती स्वास्थ्य उपकरणहरुको आपूर्तिमा परेको छ । मागको तुलनामा आपूर्ति कम हुँदा स्वास्थ्यसामग्री खोसाखोस भएको र विभिन्न मुलुकबीच आरोप-प्रत्यारोप समेत चलिरहेको छ ।

- नागरिकको जीवनरक्षाभन्दा महत्वपूर्ण कुरा अरु हुन सक्दैन । सामान्य अवस्थाका लागि बनेका नियमित प्रक्रियाहरु यस्तो असामान्य अवस्थाका लागि पर्याप्त हुँदैनन् । त्यसैले स्वास्थ्य उपकरणको आपूर्तिका लागि विशेष व्यवस्था गरिएको हो । अवस्था सामान्य होस् या असामान्य, सरकारका कामकारबाहीहरु विधिसम्मत् हुनुपर्छ र सुशासनका मानकमा ती खरो उत्रिनै पर्छ । सरकारका काम कुनै पनि सवैधानिक अङ्गहरुको सम्परीक्षणभन्दा माथि हुँदैनन् । तिनले गर्ने अध्ययन र गर्ने फैसलाका लागि सरकार हमेशा तयार रहन्छ । तर, कामै गर्न नसक्ने र प्रक्रिया नै सुरु हुन नसक्ने गरी गरिने निराधार आरोप र मिथ्या प्रचारले अप्ठ्यारो अवस्थामा काम गरिरहेका व्यक्तिहरुलाई निरुत्साहित मात्रै गर्छ भन्ने कुरामा सबैले ध्यान दिनुपर्छ भन्ने मात्र मेरो आग्रह छ । समाजमा उठ्ने गरेका, खासगरी मिडिया र सामाजिक सञ्जालमा आउने गरेका आलोचना, टिप्पणी र सुझावप्रति मेरो पर्याप्त ध्यान गएको छ । मानवजाति विरुद्ध आइलागेको राष्ट्रिय र विश्वव्यापी संकटको यस्तो परिस्थितिमा एकजुट भई लड्नु पर्ने समयमा सरकारलाई असफल देखाउन र आफ्ना विभिन्न प्रकारका निहीत स्वार्थ पूरा गर्न चलाइएका प्रचारबाजी बेमौसमी बाजा जस्तै हो र यस्तो प्रवृत्ति किमार्थ प्रशंसनीय हुन सक्दैन । भ्रष्टाचार नगर्ने र हुन नदिने वर्तमान सरकारको प्रतिबद्धतालाई लगातारको निराधार कूप्रचारले कमजोर पार्न सक्ने छैन । कहिँ कतै अनियमितता र भ्रष्टाचारजन्य कुरा देखिएमा निर्ममतापूर्वक कारवाही गर्न वर्तमान सरकार किंचित पछि पर्ने छैन ।

- सरकार र जनताबीचको, राजनीतिक दलहरुबीचको, राज्य र समाजका सबै अङ्गहरुबीचको बलियो राष्ट्रिय एकता नै महामारीमाथि विजयको पूर्वशर्त हो । संसदको साझा सङ्कल्प, सर्वदलीय सहमति, प्रमुख प्रतिपक्षी दल सहित विभिन्न राजनीतिक दल तथा तिनका नेताहरुको 'महामारीका विरुद्धको युद्धमा सरकारको साथमा रहने' भनाइलाई यस सन्दर्भमा मैले राष्ट्रिय शक्तिको रुपमा लिएको छु । आगामी दिनमा पनि यस्तो समझदारी र एकता निरन्तर रहने कुरामा म विश्वस्त छु ।

- सङ्कटको यस घडीमा हामी कहाँ उभिएका थियौं, हाम्रो ध्यान केमा थियो र हामीले के भूमिका खेलेका थियौं भन्ने मूल्याङ्कन इतिहासले अवश्य गर्ने नै छ । व्यक्तिको स्मृति छोटो र कमजोर हुन सक्छ, तर इतिहास भने यस मामलामा निर्मम हुन्छ । मेरो आग्रह छ- मानव जातिलाई नै चुनौती दिइरहेको यस सङ्कटसँग जुधिरहेको बेला हाम्रो ध्यान यसै लडाइँमा एकाग्र गरौं । अरु छलफल र कामहरु त स्थिति सामान्य बनेपछि गर्न सकिन्छ नै !

- स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्न र सरकारले गरेका निर्णयहरु जनसमक्ष पुऱ्याउन सञ्चारमाध्यमहरुले खेलेको भूमिका सराहनीय छ । मेरो आग्रह छ, सङ्कटको बेलामा आशावादको, सङ्कटमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने सामूहिक आत्मविश्वासको र बलियो सामाजिक-राष्ट्रिय एकताको निर्माणका लागि सञ्चार माध्यमहरुले अझ जिम्मेवार भूमिका खेल्नुहोस् ।

- म एकपटक फेरि दोहऱ्याउन चाहन्छु- विभिन्न मुलुकहरुको अनुभवले भनिरहेको छ, यस महामारी बिरुद्धको युद्धमा सामाजिक दूरी सबैभन्दा उपयुक्त हतियार हो । सामाजिक दूरीका लागि लकडाउन विकल्पहीन माध्यम हो । तसर्थः यस अवधिको लकडाउनलाई जतिसुकै कष्टकर भएपनि हरतरहले सफल पार्न हामी एक होऔं ।

- मानव जातिले इतिहासमा यस्ता धेरै महामारीमाथि विजय हासिल गर्दै आएको छ । नेपालले त समकालीन इतिहासमै धेरै अप्ठ्यारा चुनौतीहरुको सामना गरेको छ, विजय हासिल गरेको छ । ५ वर्ष अघिको विनाशकारी भूकम्प र पाँच वर्षमा भएको पुनर्निर्माणले नेपाली जनताको धैर्यता र साहसको नमूना प्रस्तुत गरेका छन् । पटक-पटक लड्नु, धुलो टक्टक्याउँदै उठ्नु र फेरि अगाडि बढ्नु मानव जातिको स्वभाव हो, उसको अदम्य विशेषता हो । यही विशेषताकै बलमा हामीले यस सङ्कटमाथि विजय हासिल गर्ने छौं ।

- यस महामारी विरुद्ध हामीले समयमै चालेको कदमका कारण सयौंको जीवन जोगिएको छ । आउने केही हप्ता हामीले अलिकति साह्रो/गाह्रो सहँदा थप जीवन रक्षा गर्न सकिन्छ । आउनु होस्, फेरि एकपल्ट ५ वर्ष अगाडिको विनाशकारी भूकम्पको समयमा जस्तै धैर्यता र साहस प्रदर्शित गरौं ।

- तपाईहरूलाई सुविधा उपलब्ध गराउन, आपूर्ति व्यवस्थालाई सहज बनाउन, आवश्यक सुरक्षा प्रबन्ध मिलाउन र कोरोना भाइरस फैलिन नदिन सरकार एकजुट भएर अघि बढ्न प्रतिवद्ध छ । म यहाँहरू सबैलाई एकताबद्ध हुन हार्दिक आग्रह गर्दछु ।

धन्यवाद

## कुटनीतिक...

यसपछि प्रहरीले ती कुटनैतिक नम्बर प्लेटमा कालोबजारी गरिरहेका सुलभ अग्रवाललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

मुलुकका विभिन्न ठाउँमा पत्रकारहरुमाथि दुर्व्यवहार

# पत्रकारमाथि भएका दुर्व्यवहार निन्दनीय : महासंघ

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले एक प्रेस विज्ञप्ति जारी गर्दै कोरोना महामारीको विषम परिस्थितिमा सम्भावित जोखिमको ख्याल नगरी नागरिकलाई सुसूचित गराउने पेशागत कर्ममा जुटेका पत्रकारमाथि विभिन्न पक्षबाट भइरहेको आक्रमण, दुर्व्यवहार, हातपात, समाचार संकलनमा रोकलगायतका घटनाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।




महासंघका महासचिव रमेश बिष्टद्वारा मंगलबार जारी बिज्ञप्किमा महसंऋको कर्णाली प्रदेश समितिका अनुसार चैत्र २४ गते सोमबार महासंघका प्रदेश सभासद तथा नागरिक दैनिकका कर्णाली प्रदेश प्रमुख नगेन्द्र उपाध्यायलाई समचारको विषयमा प्रतिक्रिया लिन खोज्दा कर्णाली प्रदेश सभा सदस्य दानसिंह परियारले गालीगलौज गर्दै धम्क्याइएको, सुर्खेतस्थित जागरण एफएमका समाचार बाचक नन्द कठायतलाई रेडियोको कार्यालय जाँदै गर्दा प्रहरीले हातपात गरेको, चैत्र १६ गते महासंघको कर्णाली प्रदेश समिति सदस्य एवं अन्नपूर्ण पोष्ट दैनिकका कालीकोट संवाददाता विष्णप्रसाद न्यौपानेलाई समाचारको विषयलाई सामाजिक सञ्जाल र अन्य माध्यमबाट गालीगलौज गर्दै धम्की दिइएको उल्लेख गरिएको छ ।

यसैगरी महासंघ धनकुटा शाखाका अनुसार चैत्र २४ गते जिल्ला प्रशासन कार्यालय धनकुटाको जिल्ला दैवी प्रकोप उद्धार कोषमा स्व. सूर्यबहादुर थापा फाउण्डेसनको संयोजनमा विभिन्न स्वास्थ्य सामग्रीहरु हस्तान्तरण गर्ने कार्यक्रममा समाचार संकलनका लागि जिल्ला प्रशासन कार्यालय धनकुटा पुगेका महासंघ धनकुटा शाखाका निवर्तमान अध्यक्ष एवं हिमालय टाइम्स दैनिकका संवाददाता खगेन्द्रप्रसाद घिमिरे र कार्यसमिति सदस्य एवं हिमालयन टेलिभिजनका संवाददाता कविराज घिमिरेलाई स्थानीय प्रशासकको आदेशमा जिल्ला प्रशासन परिसरबाट अपमानजनक ढंगबाट बाहिर निकालिएको र महासंघको धनकुटा शाखा उपाध्यक्ष एवं द धनकुटा हेराल्ड दैनिकका सम्पादक नगेन्द्र राई, शाखा सहसचिव एवं अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता हरिबहादुर लम्जेल, रेडियो भेडेटारका स्टेसन प्रमुख पूर्णकुमार चौधरी, थाहासञ्चार धनकुटा संवाददाता ईश्वर थापालगायतलाई सुरक्षाकमीहरुले माथिको आदेश भन्दै समाचार संकलनमा रोक लगाउँदै जिल्ला प्रशासन परिसर बाहिर नै रोकेर खिचिएको तस्वीर मेटाउन लगाइएको भन्दै बिज्ञप्तिमा यस्तो असहजताका बीच अनेकौ कठिनाई र जोखिम मोलेर नागरिकलाई सुसूचित गराउने महत्वपूर्ण दायित्व बहन गरिरहेका पत्रकारमाथि कुनै पनि बहानामा आक्रमण, दुर्व्यवहार, धम्की, गालीगलौज, समाचार संकलनमा रोकलगायतका घटना हुनु आफैंमा निन्दनीय र आपत्तिजनक रहेको उल्लेख गरिएको छ ।

महासंघले संविधानले सुनिश्चित गरेको पत्रकारको अधिकारको सम्मान गरी पत्रकारलाई सही र सहज ढंगबाट सूचना उपलब्ध गराउन र स्वतन्त्र, सुरक्षित एवं निर्वाधरुपमा काम गर्ने वातावण निर्माण गर्न सम्बन्धित निकायसँग माग गरेको छ ।

जगदम्बा सिमेन्ट, छड र धागोका मालिक सुलभ अग्रवाल नेपालका लागि किर्गिस्तानको अनररी कन्सुलरका हैसियतमा परराष्ट्र मन्त्रालयले उपलब्ध गराएको कुटनीतिक नम्बरको गाडी चढिरहेका छन् । तिनै अग्रवालले थर्मल गनको कालोबजारी गरिरहेको खुलेको छ । महाशाखाले अग्रवाललाई थर्मल गन, कुटनीतिक नम्बर प्लेटको गाडी सहित नियन्त्रणमा लिएको छ ।

## विदेशमा...

फर्किहाले कामदारको सीप परीक्षण गरी सीप अनुसारको काम शुरु गर्नेलाई सरकारले उनीहरुलाई वित्तीय सहयोग गर्ने र सीप अनुसारको काममा रोजगारी सिर्जना गर्ने काममा लगाउने योजना बनाएको जानकारी दिए ।

# प्रदेश २ मा मुस्लिम भेलाबाट फर्किएको संख्या २७

काठमाडौं/मस- प्रदेश २ सरकारका अनुसार भारतमा भएको मुस्लिमहरुको धार्मिक भेलामा सहभागी भई फर्केकाको संख्या २७ रहेको छ । भारत नयाँ दिल्ली स्थित निजामुद्धिनमा भएको मुस्लिम समुदायको धार्मीक भेलाबाट फर्किएका २४ जनाको कोरोना परिक्षणसमेत भइसकेको छ। बाँकी तीन जना कुन भेलाबाट फर्किएको भन्ने खुल्न सकेको छैन।

निजामुदिनमा भएको भेलालाई कोरोना सक्रमणको सन्दर्भमा निक्कै चासोका साथ हेरिएको छ। भारतमा उक्त भेलामा सहभागीहरु मध्ये अधिकांशमा कोरोनाको संक्रमण देखिएको छ । भेलाबाट फर्किएका मध्ये रौतहट जिल्लाबाट १४ र बाराबाट १० जना पहिचानमा आएको प्रदेश सरकारले जनाएको छ । यसैगरी, २४ गते सप्तरीबाट नियन्त्रणमा लिएका पाँच जना मध्ये तीन जनाले मुस्लिम समुदायको धार्मिक भेलाबाट आएको जानकारी दिइएको छ। तर, उनीहरु पनि दिल्लीबाटै आएको भन्ने कुरा स्पष्ट भएको छैन। मुस्लिम भेलाबाट आएका वा लुकिछिपी प्रदेशमा बसी रहेकाहरुको खोजी भइरहेको जनाइएको छ।

प्रदेश २ सरकारका सामाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेका अनुसार प्रदेश दुईमा हालसम्म १ सय ३ जनाको स्वाव परिक्षण गरिएको जानकारी दिएका छन् ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**रुकुम पूर्व**
**(बढुवा समितिको सचिवालय)**
**बढुवा सम्बन्धी सूचना**

लोकसेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह, श्रेणी र पदमा बढुवा समितिको मिति २०७६/१२/२४ गतेको निर्णयानुसार देहायका उम्मेदवारहरुलाई बढुवाका लागि सिफारिस गरिएको हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २४ च को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) बढुवा सूचना नं. ३८६/०७६-०७७, (कार्यक्षमताको मूल्याङ्कन) नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. प्रथम श्रेणी, नायब सुब्बा

| क्र.सं. | उम्मेदवारको नामथर | संकेत नं. | हालको पद र कार्यरत कार्यालय | योग्यता क्रम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | निलध्वज पाण्डेय | १९९४८९ | खरिदार, भुमे गाउँपालिका, रुकुम पूर्व | १ | १०० |

२) बढुवा सूचना नं. ५०४/०७६-०७७ (जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कन) नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनं. प्रथम श्रेणी, सर्भेक्षक

| क्र.सं. | उम्मेदवारको नामथर | संकेत नं. | हालको पद र कार्यरत कार्यालय | योग्यता क्रम |
|---|---|---|---|---|
| १. | निश्चल पुन मगर | २२७६७६ | अमिन, नापी कार्यालय, रुकुम पूर्व | १ |

# एन्फाको एम्बुलेन्स ललितपुर महानगरले प्रयोग गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत




अखिल नेपाल फुटबल संघ (एन्फा)ले कोरोना भाईरसको महामारीबिरुद्ध लड्न दुई एम्बुलेन्स प्रयोग गर्न दिएको छ । एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले ललितपुर महानगरलाई महामारीबिरुद्ध लड्न दुई एम्बुलेन्स हस्तान्तरण गरेका हुन् ।

एन्फा अध्यक्ष शेर्पाले महानगरका मेयर चिरीबाबु महर्जनलाई ललितपुर महानगरको प्राङ्गणमा मंगलबार सो एम्बुलेन्स हस्तान्तरण गरेका छन् । अवस्था सामान्य बनेपछि महानगरले सो एम्बुलेन्स एन्फालाई फिर्ता गर्नेछ ।

मेयर महर्जनले संकटको बेलामा एन्फाले गरेको सहयोगका लागि धन्यवाद दिए । महानगरले समेत एन्फाकै आग्रहमा आफ्नो क्षेत्र भित्र पर्ने विभिन्न श्रेणीका क्लबलाई बर्षेनी आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । विश्व फुटबल महासंघ (फिफा)को सहयोगमा एन्फाले दुई एम्बुलेन्स खरिद गरेको थियो । एन्फाले कोरोना महामारीबिरुद्ध क्वारेन्टाईनको रुपमा प्रयोग गर्न आफ्नो एकेडेमी दिने यसअघिनै घोषणा गरिसकेको छ । प्रदेश २ को रौतहटमा रहेको महिला फुटबल एकेडेमी भने क्वारेन्टाईनको रुपमा प्रयोग भईरहेको छ ।

एन्फाले आवश्यकताका आधारमा बुटवल, धरान र काठमाडौंको फुटबल एकेडेमी समेत क्वारेन्टाईनको रुपमा प्रयोग गर्न आग्रह गर्दै आएको छ ।

विश्व स्वास्थ्य संगठनले कोरोनालाई महामारीको रुपमा घोषणा गरेपछि विश्वभर उच्च सतर्कता अपनाईएको छ । नेपालमा समेत लकडाउनको घोषणा गरेर शंकास्पद व्यक्तिको चेक जाँचको प्रक्रियालाई तीब्रता दिन थालिएको छ । नेपालमा अहिलेसम्म ९ जनामा कोरोनाको संक्रमण देखिएको पुष्टि भएको छ । एक जना पूर्ण रुपमा निको भएर घर फर्किएकी छिन् भने अन्य संक्रमितको उपचार भईरहेको छ ।

# जापानद्वारा आपतकाल घोषणा
# १० खर्ब डलरको आर्थिक प्याकेजको व्यवस्था

**टोकियो/एजेन्सी–** जापानका प्रधानमन्त्री शिन्जो आबेले मंगलबार कोरोना भाइरस संक्रमण बढ्ने खतरा देखिएको भन्दै त्यस्तो परिस्थितिलाई नियन्त्रणमा राख्न टोकियोलगायत देशका केही भागमा आपतकालीन अवस्था घोषणा गरेका छन् । 'जनताको जीवन र अर्थव्यवस्थालाई गम्भीर असर पार्ने अवस्था आएको मैले अनुभव गरेको छु । म आजै बेलुका आपतकालीन अवस्था घोषणा गर्नेछु,' आबेले भनेका छन् ।

'विशेष गरी टोकियो र ओशाका जस्ता सहरी क्षेत्रहरूमा' नयाँ संक्रमणको तीव्र वृद्धिलाई औंल्याउँदै उनले एक दिनअघि सोमबार नै आपतकाल घोषणाको योजना सार्वजनिक गर्नु भएको थियो । यो घोषणा मंगलबार मध्यरातदेखि लागू हुनेछ । नयाँ व्यवस्था अनुसार प्रभावित सातै क्षेत्रका गभर्नरहरुले आमजनतालाई आआफ्ना घरभित्रै बस्न र व्यापार व्यवसाय बन्द गर्न लगाउन सक्नेछन् ।

तर यो युरोप र संयुक्तराज्य अमेरिकाका कतिपय क्षेत्रमा देखा पर्ने लकडाउन जस्तो कडा प्रतिबन्ध होइन । जापानमा आपतकालीन अवस्थामा पनि मानिसहरू बाहिर घुमफिर गर्न वा व्यापार व्यवसाय खुला राख्न सक्नेछन् । यहाँ घरभित्र बस्न वा व्यवसाय बन्द नगर्नेमाथि कुनै दण्डसजायको व्यवस्था गरिएको छैन ।

विज्ञहरू र स्थानीय नेताहरूले आपतकाल घोषणाका लागि जोड दिएका थिए । यसैसाता टिबिएस प्रशारण संस्थाले गरेको सर्वेक्षणमा सहभागी ८० प्रतिशत जनताले आपतकाल घोषणालाई समर्थन गरेका थिए । घोषणाबाट सात क्षेत्र प्रभावित हुनेछन् : टोकियो, छिमेकी चिबा, कानागावा र साइतामा, ओशाकाको पश्चिमी क्षेत्र र छिमेकी ह्योगो, र फुकुओकाको पश्चिमी क्षेत्र । यो आपतकाल करिब एक महिनाका लागि हुनेछ ।

संक्रमण बढ्दै गएपछि तत्काल आपतकाल घोषणा गर्न सरकारमाथि



चिकित्सा विशेषज्ञहरू सुझाव दिएका थिए । आइतबार मात्र टोकियोको शहरी इलाकामा एकै दिन १४३ जनामा कोरोना संक्रमण देखिएको थियो । हुनत यो संख्या विश्वका धेरै भागमा देखिएको संख्याभन्दा कम हो । राजधानी टोकियोका चिकित्सकहरूले यस हप्ता शहर पहिले नै 'गम्भीर अवस्था' मा रहेको र अस्पतालको क्षमता कम रहेको भन्दै चेतावनी दिएका थिए ।

आपतकालको घोषणाको पक्षमा देखिनु भएका टोकियोका गभर्नर युरिको कोइकेले मंगलबार टोकियो निवासीहरुलाई हिँडडुललाई सीमित गर्न अनुरोध गर्न आग्रह गरेका छन् । 'यसले दैनिक जीवनमा असुविधा हुन सक्छ, तर म सबैको सहयोगको लागि आह्वान गर्दछु किनकि जीवन खतरामा छ,' उनले भने ।

गभर्नर कोइकेले मंगलबार साँझ पत्रकार सम्मेलन गरी टोकियोमा अबलम्बन गरिने उपायहरुका बारेमा जानकारी गराउने अपेक्षा गरिएको छ । सरकारका प्रवक्ता योशिहिडे सुगाले सार्वजनिक यातायातलाई कम नगरिने तर 'व्यक्ति-व्यक्ति बीचको सम्पर्क र दूरी घटाउन उचित उपायहरू अपनाउने छौं' भने । 'संक्रमणलाई थप फैलिनबाट जोगाउन हामी सबै सम्भावित नीतिहरू अख्तियार गर्नेछौं । म तोकिएका क्षेत्रका बासिन्दाहरूलाई शान्तपूर्वक व्यवहारका लागि आग्रह गर्न चाहन्छु ।'

आपतकाल घोषणाबाट जापानको आर्थिक अवस्थामा पर्ने प्रभावका बारेमा चिन्ता बढेको छ, र प्रधानमन्त्री आबेले सोमबार १० खर्ब डलरको एक प्रोत्साहन प्याकेज घोषणा गरेका छन् । यो रकम कूल गार्हस्थ्य उत्पादनको करिब २० प्रतिशत हो ।

युरोप र संयुक्तराज्य अमेरिकाका केही भागमा देखा परेको भाइरसको प्रकोपबाट हालसम्म जापान जोगिएको छ । जापानमा हालसम्म ४ हजार ४१ जना भाइरसबाट संक्रमित भएका छन् भने १०८ जनाको मत्यु भएको छ ।

प्रस्तावित आर्थिक प्याकेजमा मार्चको अन्त्यसम्ममा करिब २० लाख मानिसलाई फ्लुसँग सम्बन्धित औषधि (एभिजान) खरिद गर्न पनि प्रयोग गरिनेछ । अनुसन्धानमा यो औषधि कोभिड-१९ को उपचारमा निकै उपयोगी हुने देखिएको छ । साथै, कोरोना महामारीका कारण आर्थिक अवस्था कमजोर भएका प्रत्येक परिवारलाई करिब २ हजार ८०० अमेरिकी डलर उपलब्ध गराउन पनि उक्त आर्थिक प्याकेजबाट खर्च हुनेछ ।

अमेरिकी सरकारले पनि कोरोना महामारीका कारण अर्थतन्त्रमा पारेको प्रभाव कम गर्न गत महिना २० खर्ब डलरको आर्थिक प्याकेज घोषणा गरेको थियो । अमेरिकी इतिहासमै यो सबैभन्दा ठूलो आर्थिक प्याकेज हो । त्यसैगरी, जर्मनी, फ्रान्स, बेलायत, इटाली, स्पेन र ठूला अर्थतन्त्र भएका अरु मुलुकहरुले पनि आर्थिक प्याकेज घोषणा गरेका छन् ।

# ओलम्पिक कमिटीले खेलाडीसँग भिडियो कन्फ्रेन्स गर्दै



**काठमाडौं, मस-**कोरोना भाइरसका कारण लकडाउन हुँदा प्रशिक्षण गर्न नपाएका खेलाडीलाई नेपाल ओलम्पिक कमिटीले भिडियो कन्फ्रेन्स मार्फत घरमै कसरी तयारी गर्ने भन्ने बारेमा बुधबार जानकारी गराउनेछ ।

कोरोनाको संक्रमण नेपालमा पनि बढेपछि सरकारले लकठाउनको अवधि बढाइरहेको छ । यस्तो खेलाडीलाई घरमा नै बस्नुपर्ने बाध्यताछ । कोरोनाका कारण टोकियो ओलम्पिक पनि सरिसकेका अवस्थामा नेपाली खेलाडीलाई ओलम्पिक छनोटको तयारी जोडतोडका साथ गर्नुपर्ने बाध्यता रहेको छ ।

ओलम्पिक छनोटको तयारीमा रहेका १३ खेलाडीलाई घरमा बस्दा पनि कसरी तयारी गर्ने भन्ने विषयमा भिडियो कन्फ्रन्समार्फत जानकारी दिने भएको हो । यसका लागि वाइल्डकार्डमा रहेका सबै खेलाडी, प्रशिक्षक, ओलम्पिक कमिटीका पदाधिकारी र केहि विज्ञ र पत्रकारले छलफल गर्ने भएका छन् । टोकियो ओलम्पिकका लागि नेपालबाट आठ खेलका १३ खेलाडीलाई वाइल्डकार्डका लागि पठाइने भएको छ । जसमा पौडी र एथ्लेटिक्सले खेल्ने निश्चित छ । यसपटक एथ्लेटिक्समा लामो दुरीमा सहभागिता गराउने भनिएको छ । टोकियो ओलम्पिक २०२१ मा सरेपछि त्यसको छनोट प्रक्रिया, वाइल्डकार्डको प्रक्रिया लगायत एक्रिकेडसनको प्रक्रियाको अवधि पनि लम्ब्याएको छ ।

# फिफाका पूर्व पदाधिकारीहरु भ्रष्टाचारमा संलग्न




**काठमाडौं, एजेन्सी -** रसिया र कतारलाई विश्वकप आयोजनाको जिम्मा दिदा भोटिङमा भ्रष्टाचार गरेको आरोप फिफाका पूर्व पदाधिकारीलाई लागेको छ । अमेरीकी अनुसन्धानकर्ताले फिफाको पूर्व कार्यसमितीमा रहेका धेरै पदाधिकारीले रसिया र कतारलाई विश्वकप आयोजनाको जिम्मा दिन भ्रष्टाचार गरेको बताएको छ ।

एफबीआईले लामो समयदेखि गरिरहेको अनुसन्धानमा यस्तो देखाएको हो । त्यो आरोप लाग्ने फिफा पदाधिकारीमा दक्षिण अमेरीकी फुटबलका पूर्व अध्यक्ष निकोलस लियोज, ब्राजिल फुटबलका पुर्व प्रमुख रिकार्डो टेइजिरा रहेका छन । दुबैजनाले आफ्नो भोटिङ राइट्बाफत मोटो रकम लिएको बताइएको छ ।

२०१८ को विश्वकप रसियालाई दिन ट्रिनाडो एण्ड टोबाकोका पूर्व उपाध्यक्ष ज्याक वार्नरले चार मिलियन लिएको खुलासा भएको छ । सो बेला इंग्ल्याण्डलाई हराउँदै रसियाले विश्वकप आयोजनाको जिम्मा पाएको थियो । टेइजिरा र वारनेरलाई यसअघि नै कारवाहि गरेर आजीवन प्रतिबन्ध लगाइसकेको छ । रसिया र कतारलाई विश्वकप आयोजनाको जिम्मा दिएको १० बर्ष भन्दा बढि भइसकेको छ । तर २०१५ मा स्विट्जरल्याण्डको जुरीच होटेलमा छापा मारेर धेरै पदाधिकारीलाई नियन्त्रणमा लिएको यियो । त्यसपछि मात्र फिफा भ्रष्टाचारको ढोका खुलेको थियो । त्यसपछि एकपछि अर्को गरि पदाधिकारीमाथि कारवाहि सुरु भएको थियो ।

# अन्तर्राष्ट्रिय क्रिकेटमा मेडन ओभर गर्ने बलरहरु




**काठमाडौं, एजेन्सी–**क्रिकेटमा मेडन ओभरको ठूलो महत्व हुन्छ । यसैका आधारमा पनि बलरको मापन गर्ने गरिन्छ । टी २० क्रिकेटमा बलरलाई बलिङ गर्न अप्ठेरो हुने गरेपनि टेस्ट र एक दिवसीय क्रिकेटमा मेडन ओभर बलिङ गर्दा विपक्षी टिमको रन बनाउने रफ्तारमा कमी आउनुका साथै ब्याट्सम्यानहरु बढी प्रेसरमा पनि पर्छन् । जसका कारण खराब सर्ट प्रहार गर्न बाध्य हुन्छन् र आफ्नो विकेट विपक्षीलाई सुम्पने अवस्था पनि आउँछ । आज हामीले एक दिवसीय क्रिकेटमा सर्वाधिक मेडन ओभर बलिङ गर्ने पाँच अन्तर्राष्ट्रिय क्रिकेटरको कुरा गर्दैछौं ।

**शन पोलक**

दक्षिण अफ्रिकाका लेजेण्ड बलर हुन् शन पोलक । पोलकले १०८ टेस्टमा १२२२ ओभर मेडन बलिङ गरेका थिए । यस्तै ३०३ एक दिवसीय क्रिकेटमा ३१३ ओभर मेडन राखेका थिए भने उनको नाममा टी २० मा १२ ओभर मेडन राखेको पनि रेकर्ड रहेको छ । पोलकले १९९५ मा डेब्यु गरेको पोलकले २००८ मा करियर अन्त्य गरेका थिए । उनी पाँचौं स्थानमा छन् ।

**अनिल कुम्ब्ले**

भारतको टेस्ट क्रिकेटमा सर्वाधिक विकेट लिने खेलाडी हुन् अनिल कुम्बले । उनले टेस्ट क्रिकेटमा १५७६ ओभर मेडन बलिङ गरेका छन् । यसैगरी २७१ एक दिवसीय क्रिकेटमा १०९ ओभर मेडन राखेका छन् । कुम्ब्लेले टेस्ट क्रिकेट १९९० देखि २००८ सम्म खेलेका थिए भने एक दिवसीय करियर भने २००७ मा अन्त्य गरेका थिए । उनी चौथो स्थानमा छन् ।

**ग्लेन म्याक्ग्राथ**

ग्लेन म्याक्ग्राथ अस्ट्रेलियाका तीब्र गतिका बलर हुन् । आफ्नो करियरमा १२४ टेस्टमा १४७१ मेडन ओभर बलिङ गरे भने २५० एक दिवसीय क्रिकेटमा २७९ ओभर मेडन राखेका थिए । उनी अस्ट्रेलियन टिमबाट १९९२ देखि २००७ सम्म टेस्ट र एक दिवसीय क्रिकेट खेलेका थिए । उनी तेस्रो स्थानमा पर्छन् ।

**शेन वार्न**

अस्ट्रेलियाका शेन वार्न सर्वाधिक मेडन ओभर बलिङ गर्ने खेलाडीको दोस्रो स्थानमा पर्छन् । उनले टेस्ट क्रिकेटमा १८७१ ओभर मेडन राखेका छन् भने १९४ एक दिवसीय क्रिकेटमा उनले ११० ओभर मेडन राखेका छन् । वार्नले १९९२ देखि २००७ सम्म टेस्ट क्रिकेट खेलेका थिए भने एक दिवसीय क्रिकेटको करियर भने २००५ मै अन्त्य गरेका थिए ।

**मुथैया मुरलीथरन**

श्रीलंकाका मुथैया मुरलीथरन सर्वाधिक मेडन ओभर राख्ने खेलाडीको शीर्ष स्थानमा पर्छन् । उनले टेस्ट क्रिकेटमा ८ सय विकेट लिएका छन् । एक दिवसीय क्रिकेटमा पनि ५३४ विकेट हात पारेका छन् । एक दिवसीय क्रिकेटमा सन् १९९३ मा भारतविरुद्ध डेव्यु गरेको मुरलीधरनले २०११ मा भारतविरुद्ध अन्तिम एक दिवसीय क्रिकेट खेलेका थिए । यसबीचमा ३५० एक दिवसीय क्रिकेटमा उनले १९८ ओभर मेडन राखेका छन् । टेस्ट क्रिकेटमा भने १३३ खेलमा १७९४ ओभर मेडन राखेका छन् ।

# भारतमा कोरोनाका कारण मृत्यु हुनेको संख्या ११७ पुग्यो

**भारत/एजेन्सी–** भारतमा कोरोनाको संक्रमणका कारण ज्यान गुमाउनेको संख्या बढ्न थालेको छ । मंगलबार साँझसम्म यसबाट ज्यान गुमाउने नागरिकको संख्या ११७ पुगेको भारतीय सञ्चार माध्यमले जानकारी दिएको छ ।

त्यसैगरी मंगलबार साँझसम्म यसका संक्रमितको संख्या ४ हजार ९०८ जना पुगेको भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ । भारतमा पछिल्ला केही दिनमा कोरोना संक्रमितको संख्या बढ्न थालेको छ ।

कोरोना भाइरस संक्रमण रहेका चार हजार ९०८ जनामा ३८२ जना भने उपचार गरी घर फर्किएका छन् । हाल ४ हजार ३८९ जना अस्पताल र केही आफ्नो घरमा नै निगरानीमा रही उपचार गराइरहेका सो मन्त्रालयले मंगलबार बिहान जानकारी दिएको छ ।

भारतमा विस्तारै यसको प्रकोप बढ्न थालेको महसुश गरिएको छ । भारतका अरु राज्यको तुलनामा महाराष्ट्र, तामिल नाडु र नयाँ दिल्लीमा यसका संक्रमितहरु बढेको देखिएको छ । महाराष्ट्रमा ७४८, तामिल नाडुमा ६२१ र नयाँ दिल्लीमा ५२३ मा सो रोगका संक्रमितहरु रहेका उक्त मन्त्रालयले जनाएको छ ।

भारतमा दुई हप्तायतादेखि देशैभर लकडाउनको घोषणा गरिएको छ । जसका कारण त्यहाँको जनजीवन निकै प्रभावित भएको बताइएको छ । तर यता दिन प्रतिदिन नयाँ संक्रमितहरु थपिँदै जान थालेपछि भने यो लकडाउनको अवधि पनि थप लम्ब्याउन सकिने देखिएको बताइएको छ ।

# बेलायतका प्रधानमन्त्री आईसीयूमा

**लन्डन/एजेन्सी–** कोरोना भाइरस संक्रमित बेलायतका प्रधानमन्त्री बोरिस जोनसनलाई चिकित्सकको सल्लाह अनुसार सोमबार राति नै सघन उपचार कक्ष (आईसीयू)मा राखेर उपचार थालिएको छ । बेलायती एक वरिष्ठ मन्त्री माइकल गभले प्रधानमन्त्री जोनसनलाई अक्सिजन दिइएको तर भेन्टिलेटरमा नराखिएको जानकारी दिए ।

बेलायतको एलबिसी रेडियोलाई अन्तर्वार्ता दिँदै गभले भने, 'प्रधामन्त्रीलाई अक्सिजन दिइएको छ । स्वास्थ्य अवस्था विचार गरी आवश्यक भएमा भेन्टिलेटरमा राखिनेछ ।' विश्वभर महामारीको रुपमा फैलिएको कोरोनाभाइरसबाट संक्रमित हुनेमध्ये प्रधानमन्त्री जोनसन सबैभन्दा उच्चपदस्थ राजनीतिज्ञ हुन् ।

कोरोना भाइरसको संक्रमण भएदेखि नै ५५ वर्षीय प्रधानमन्त्री जोनसन एकान्तबास (आइसोलेसन) मा बसेका थिए । तर उनीमा कोरोना भाइरसको संक्रमण बढी खतरापूर्ण स्थितिमा पुगेको भन्दै चिकित्सकको सल्लाहमा आइतबार लन्डनस्थित सेन्ट टोमस अस्पतालमा भर्ना गरिएको हो ।



प्रधानमन्त्री जोनसनलाई विगत १० दिनदेखि उच्च ज्वरो र सुक्खा खोकी समेतका कोरोना भाइरसका लक्षणहरु देखिएका थिए । सघन उपचार कक्षमा राखेर उपचार गरिए पनि प्रधानमन्त्री होसमै रहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

प्रधानमन्त्रीको कार्यालयका अनुसार प्रधानमन्त्री जोनसनले सरकारका तर्फबाट गर्नुपर्ने कार्यहरु सम्पादन गर्न विदेशमन्त्री डोमिनिक राबलाई जिम्मेवारी दिएका छन् । तर विदेशमन्त्री राबले आफूले प्रधानमन्त्रीसँग गत शनिबारदेखि कुराकानी गर्न नपाएको स्पष्ट गरेका छन् । तर उनले 'सरकारी कामकारबाही यथावत र बिना अवरोध रहनेछन्' भने ।

विदेशमन्त्री राबले प्रधानमन्त्रीको उपचारमा कुनै कमी नभएको र उपचारमा उत्कृष्ट चिकित्सा टोली संलग्न रहेको बताए ।

**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/१२/२६ गते

श्री मैकल सामुदायिक वन उपभोक्ता समूह वीरेन्द्र न.पा.-१४, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेड साल गोलिया काठ ४ थान ८२.७१ क्यू.फिट, असना गोलिया काठ ७ थान १५२.२७ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ ३ थान २४.५३ क्यु.फिट, सल्लो गोलिया काठ ५ थान २९.९३ क्यू.फिट, असना गोलिया काठ ६ थान १०५.३२ क्यू.फिट, (सि) ग्रेड साल गोलिया काठ ६ थान ३०.७१ क्यू.फिट गरी साल गोलिया काठ कुल १३ थान १३७.९५ क्यू.फिट काठ, सल्लो गोलिया काठ कुल ५ थान २९.९३ क्यू.फिट काठ र असना गोलिया काठ कुल १३ थान २०३.१३ क्यू.फिट काठ र विभिन्न जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय वीरेन्द्र न.पा.-१४, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मैकल सामुदायिक वन उपभोक्ता समूह**
**वीरेन्द्र न.पा.-१४, सुर्खेत**

### नवनियुक्त गभर्नर अधिकारीको पदभार ग्रहण

# 'कोरोनाले थिलथिलो अर्थतन्त्र उकास्नु छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर महाप्रसाद अधिकारीलाई पद तथा गोपनियताको शपथ ग्रहण गराए।

सर्वोच्च अदालतमा मंगलबार आयोजना गरेको कार्यक्रममा प्रधानन्यायाधीश जबराले नवनियुक्त गभर्नर अधिकारलाई पद तथा गोपनियताको शपथ ग्रहण गराएका हुन । सरकारले सोमबार अधिकारीलाई गभर्नरमा नियुक्त गरेको थियो । उनको कार्यकाल पाँच वर्षको हुनेछ ।सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका अधिकारीलाई गभर्नरमा नियुक्त गरेको थियो ।

विसं २०७३ मा डेपुटी गभर्नरबाट अवकाश भएका अधिकारी पछिल्लो चार वर्षदेखि बोर्डको प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत थिए । कोरोना भाईरसका कारण



विश्वलगायत नेपालकै अर्थतन्त्रमा परेको असरलाई न्युनिकरण गर्न पदवाहाली लगत्तै उनले कोरोनाका कारण नेपालको वित्तीय क्षेत्रमा परेको असर अध्ययन गर्न कार्यदल समेत गठन गरेका छन् ।

मंगलबार पदबहालीमा बोल्दै उनले पहिलो नीतिगत निर्णयको रूपमा कोरोनाको असर अध्ययन गर्न कार्यदल बनाउने तथा नियमित अनुगमन गर्ने निर्णय भएको बताए।

जसमार्फत समग्र अर्थतन्त्रको अवस्थामा कस्तो प्रभाव पर्छ भनेर अध्ययन प्रतिवेदन तयार पारेर कार्यान्वयनका लागि सुझाउनेछ। निजी क्षेत्रसँगनजिक रहेर काम गरेर आएको जानकारी दिँदै उनले आफू निजी क्षेत्र मैत्री भएर नै काम गर्ने प्रतिबद्धता जनाए केन्द्रीय बैंकले यसअघि अगाडि बढाएका राम्रा नीति तथा कार्यक्रमलाई अगाडि बढाउने उनको थप प्रष्टोक्ति थियो। कोरोनाका कारण अहिले सबै क्षेत्र चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले विगतमा अर्थतन्त्रको एउटा क्षेत्रमा समस्या आउँदा अर्को क्षेत्रले सहयोग गर्ने स्थिती रहेपनि हाल त्यस्तो नभएकाले सोची विचारी नै अगाडि बढ्नुपर्नेमा जोड दिए ।

व्यापार व्यवसाय गर्ने, आर्थिक क्षेत्रमा काम गर्ने तथा वित्तीय क्षेत्रमा समेत समस्या देखिएको भन्दै उनले वित्तीय क्षेत्रप्रति आम जनताको विश्वास कायम राख्नेतर्फ नै आफू लाग्ने बताए। उनको पदबहालीसँगै मंगलबार बालुवाटारस्थित राष्ट्र बैंकको परिसरमा स्वागत कार्यक्रम पनि आयोजना गरिएको थियो । उक्त स्वागत कार्यक्रममा राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले चाहेकै जस्तो र योग्यतावान व्यक्तिलाई गभर्नरको रुपमा पाएको बताए। यस्तै डेपुटी गभर्नर शिवराज श्रेष्ठले पनि वित्तिय क्षेत्रलाई बुझेको व्यक्तिलाई सरकारले गभर्नर बनाएको बताउँदै शुभकामना व्यक्त गरेका छन् ।

# नेप्से बजार बैशाख ३ सम्म नखुल्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत




सरकारले घोषणा गरेको लक डाउन अवधि वैशाख ३ गतेसम्म सेयर कारोबार बन्द हुने भएको छ। सरकारले घोषणा गरेको लक डाउनको समयसम्म लगानीकर्ता, बजार सञ्चालक लगायत सरोकारवाला सबैको स्वस्थ्यलाई समेत ध्यानमा राखेर कारोबार नखोल्ने निर्णय गरिएको नेप्सेले जनाएको छ। सरकारको पछिल्लो निर्णय अनुसार अब वैशाख ३ गतेसम्म लक डाउन हुनेछ। यसर्थ अब सोही अवधिसम्म सेयर बजार बन्दले पनि निरन्तरता पाउनेछ । नेप्सेले लक डाउन भएसँगै सेयर कारोबार स्थगित गर्दै आएको छ। 'कोरोनाका कारण असहज स्थिति उत्पन्न भइरहेकाले बजार बन्दको निर्णयलाई अब वैशाख ३ गतेसम्म निरन्तरता दिइएको छ,' नेप्सेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । धितोपत्र सूचीकरण तथा कारोबार नियमावली २०७५ को दफा २१ मा प्राकृति प्रकोप, राष्ट्रिय संकट वा काबु बाहिरको परिस्थिति आइपरेमा धितोपत्र बजार (नेप्से) ले धितोपत्र बोर्डलाई जानकारी दिई कारोबार प्रणाालीको सञ्चालन निश्चित समयका लागि स्थगन गर्न सक्ने व्यवस्था गरेको छ। उक्त विनियमावलीमा प्रकृतिक प्रकोप राष्ट्रिय संकट वा काबु बाहिरको परिस्थिति आइपरेमा धितोपत्र बजारले बोर्डलाई जानकारी दिइ कारोबार प्रणालीको सञ्चालन निश्चित समयका लागि स्थगन गर्न सक्ने व्यवस्था छ । यही व्यवस्थालाई आधार मानेर लक डाउन अवधिभर कारोबार नखोल्न लागिएको नेप्सेको भनाई छ ।

# कोरोना नियन्त्रणमा विश्व बैंकको झण्डै ३ करोड डलर सहयोग

**काठमाडौं/मस**–काठमाडौं । नेपालमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि विश्व बैंकले २ करोड ९० लाख डलर सहयोग गरेको छ । मंगलबार अर्थमन्त्रालयमा एक हस्ताक्षर गरेर उक्त रकम नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो। विश्व बैंकले विश्वभर कोरोना रोकथामका लागि १४ अर्ब डलरको आपतकालिन कोष निर्माण गरेको थियो । सोही अनुसार विश्व बैंकले नेपालमा पनि आपत्कालिन रुपमा २९ मिलियन डलर सहयोग गरेको हो ।

मंगलबार अर्थमन्त्रालयमा भएको उक्त सम्झौता अनुसार विश्व बैंकले उपलब्ध गराएको उक्त रकम नेपालमा कोरोनाको महामारीको रोकथामका लागि आपतकालिन सहयोग पुग्नेछ ।

मंगलबार अर्थमन्त्रालयमा भएको सम्झौतामा बोल्दै अर्थसचिव शिसीर ढुंगानाले विश्व बैंकले उपलब्ध गराएको उक्त रकमले नेपाललाई कोरोना संक्रमणबाट बच्न सहयोग पुग्नेछ। उनले उक्त रकमबाट व्यक्तिगत सुरक्षा उपकरा पीपीई र मेडिकल उपकरण खरिदमा पनि सहयोग पुग्ने बताए।

# पाँचथरमा शुपथ मूल्यको पसल संचालन

**काठमाडौं/मस**–लकडाउनका कारण खाद्य सामग्री खरिदमा समस्या परेका आफ्ना सदस्य तथा स्थानीयवासीलाई लाभ पुऱ्याउन पाँचथरको फिक्चुखोला कृषि सहकारी संस्थाले सुपथ मूल्यको पसल सञ्चालनमा ल्याएको छ ।

उक्त सहकारीले जिल्लाको फाल्गुनन्द गाउँपालिका-१ नवमीडाँडामा सोमबारबाट सुपथ मूल्यको पसल सञ्चालनमा ल्याएको हो । उक्त पसलबाट दैनिक उपभोग्य सामग्री चामल, दाल, नुन र तेलसहित गाईलाई खुवाउने चोकर र ब्राण्ड सुपथ मूल्यमा उपलब्ध गराइनेछ । सहकारीले सवारी साधन भाडामा लिई झापाको बिर्तामोडबाट यी सामग्री खरिद गरी पसल सञ्चालनमा ल्याएको हो ।

उक्त सहकारीले फाल्गुनन्द गाउँपालिकामा व्यावसायिक पशुपालनमा सहयोग पुऱ्याउँदै आएको छ । फाल्गुनन्द-१ मा व्यावसायिक पशुपालन गर्ने ३२ कृषक परिवारले सहजरूपमा चोकर र ब्राण्ड उपलब्ध गराउने मुख्य उद्देश्यले उक्त पसल स्थापना गरिएको हो। "वडामा रहेका हाम्रा ९२ जना शेयर सदस्यसहित अन्य कृषकलाई खाद्यान्नको समेत अभाव हुने भएकाले खाद्यान्न समेत बिक्री गर्न थालिएको हो", सहकारीका अध्यक्ष बहादुरसिंह नेम्वाङले भने।

सहकारीले बिर्तामोडबाटै सामग्री खरिद गरी पसल निरन्तर सञ्चालन गर्ने भएको छ। सहकारीले आफ्ना कर्मचारीलाई पसलमा खटाएको छ । कोरोना भाइरसको माहामारी तथा लकडाउन अन्त्य भएपछि पनि सुपथ मूल्यको उक्त पसल निरन्तर सञ्चालन हुने अध्यक्ष नेम्वाङको भनाइ छ। "आगामी दिन सहकारीका शेयर सदस्यहरूले उत्पादन गर्ने नगदेबाली तथा फलफूलसमेत सहकारीले खरिद गरी बिक्री वितरण गर्ने लक्ष्यका साथ यो पसल सञ्चालनमा ल्याएका हौँ", नेम्वाङले भने। उक्त पसलबाट अहिले फाल्गुनन्द गाउँपालिका वडा नं १ का स्थानीयवासीले मात्रै लाभ लिन सक्ने भए पनि आगामी दिनमा उक्त गाउँपालिकाका अन्य वडामा समेत विस्तार गरिने नेम्वाङले बताए ।

उक्त सहकारी तथा मिलन केन्द्र नेपालले गुड नेवर्स इन्टरनेशनल नामक संस्थाको सहयोगमा दुग्ध मूल्य शृङ्खला विकास कार्यक्रम सञ्चालन गरिरहेको छ । उक्त कार्यक्रमले यहाँका कृषकलाई व्यावसायिक गाई तथा बङ्गुरपालनका लागि घुम्ती कोष परिचालन, पशुपालनसम्बन्धी प्राविधिक ज्ञान, पशुपालनमा आधारित व्यावसायिक परियोजना सञ्चालन तथा गुणस्तरीय दुग्धजन्य सामग्री उत्पादनमा सघाउ पुऱ्याउँदै आएको छ । कृषकले घुम्ती कोषको किस्ता रकम तिर्न नसक्ने भएका कारण लकडाउनमा समेत कृषकबाट उत्पादित दूध खरिद गरी सहकारीले दुग्धजन्य सामग्री उत्पादन गर्दै आएको संस्थाका सचिव राजेन्द्र आङ्देम्बेले बताए ।

# ३० अर्बको विकास ऋणपत्र बिक्री गर्दै राष्ट्र बैंक




नेपाल राष्ट्र बैंकले विहीबार ३० अर्ब बराबरको विकास ऋणपत्र निष्काशन गर्ने भएको छ। बैंकले बोलकबोलमार्फत विकास ऋणपत्र २०८१ 'घ' बिक्री गर्न लागेको हो ।

ऋणपत्र खरिद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, गैरबैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा नेपाली नागरिकले बोलकबोल पेश गर्न सकिने छ। सो ऋणपत्रको सावा भुक्तानी २०८१ चैत २८ गतेभित्र हुनेछ ।

# सिद्धार्थ इन्स्योरेन्सको १८औं वार्षिक साधारण सभा स्थगित

सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
SIDDHARTHA INSURANCE LIMITED
रहौं निस्फिक्री

**काठमाडौं/मस**–सिद्धार्थ इन्स्योरेन्स लिमिटेको यही चैत्र २८ गते हुने भनिएको १८औं वार्षिक साधरण सभा स्थगित भएको छ। चैत्र २१ गते बसेको संचालक समितिको बैठकबाट साधरण सभा स्थगित भएको हो । हाल बिश्वभरी फैलिरहेको "कोभिड -१९" को कारण देशमा असहज परिस्थितिको श्रृजना भई तोकिएको मितिमा बार्षिक साधरण सभा बस्न नसक्ने भएको हुँदा अर्को निर्णय नभएसम्मको लागि उक्त बार्षिक साधरण सभा स्थगित गर्ने निर्णय भएको कम्पनीले जनाएको छ। समय परिस्थित सहज भइसकेपछि स्थगित भएको १८ औ साधारण सभा हुनेछ कम्पनीद्धारा जारी प्रेश बिज्ञप्तिमा उल्लेख छ।

# कोरोना कोषमा सङ्घीय संसद् सचिवालयको एक करोड



**काठमाडौं/मस**-सङ्घीय संसद् सचिवालयले सरकारले स्थापना गरेको कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु एक करोड एक लाख ३२ हजार ८०० जम्मा गरेको छ। सङ्घीय संसद् सचिवालयका अनुसार म) गलबार सो रकम जम्मा गरिएको हो। कोषमा सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले समान रु ६७ हजार ३२० जम्मा ।

राष्ट्रियसभाका उपाध्यक्ष शशीकला दाहालले रु ७० हजार ७३० जम्मा गर्नुभएको छ । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को संसदीय दलका तर्फबाट १९५ जना सांसदको रु ६३ लाख दुई हजार ५९० कोषमा जम्मा गरिएको छ । सङ्घीय समाजवादी फोरमका सांसद प्रदीप यादवको रु ६४ हजार ७०, राष्ट्रिय जनमोर्चाका सांसद दुर्गा पौडेलको रु ३२ हजार ३५ कोषमा जम्मा गरिएको छ ।

सभामुख, अध्यक्ष तथा सांसदको निजी सचिवालयका कर्मचारीको रु २१ लाख ४६ हजार ८५६, सचिवालयका स्थायी कर्मचारीको रु ११ लाख १७ हजार ९७९, करारका कर्मचारीको रु दुई लाख ६३ हजार ९०० जम्मा गरिएको छ । कोषका हालसम्म रु एक अर्ब ८३ करोड ७७ लाख ८० हजार ६२० बराबरको रकम जम्मा भएको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**